
annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२१, पृष्ठ ८ | काठमाडौं, आइतबार ८ चैत २०८२ | चैत्र शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४६ | SUNDAY, MARCH 22, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## ‘सक्रिय’ हुँदै देउवा पक्ष, चुनावले थिचियो संस्थापन



‘निडर र आँटिला’ स्वभावका कांग्रेस सभापति गगन थापा चुनावी परिणामपछि ‘मौन’ छन्। पार्टीले शर्मनाक हार बेहोरेको भन्दै देउवा पक्ष थापालाई सभापति चयन गरेको विशेष महाधिवेशनको औचित्य समाप्त भएको तर्क गरिरहेको छ। चुनावमा ‘चुप’ बसेको देउवा समूह अब पार्टीमा समानान्तर गतिविधि गर्ने तयारीमा रहेकाले कांग्रेस विवाद फेरि चर्किने देखिएको छ।

**राधा खनाल** | *काठमाडौं*

विस्तृत पृष्ठ २

## अमेरिकाद्वारा इरानी तेल बिक्रीका लागि ३० दिन अस्थायी अनुमति

**न्युयोर्क** (एजेन्सी): अमेरिकाले हर्मुजमा जारी ढुवानी अवरोधको बीचमा आपूर्ति अभावलाई सम्बोधन गर्न ३० दिनका लागि समुद्र क्षेत्रमा इरानी तेलमा अस्थायी प्रतिबन्ध हटाउने अनुमति जारी गरेको छ। अमेरिकी विदेश विभागद्वारा जारी गरिएको अनुमति शुक्रबारदेखि जहाजहरूमा लोड गरिएको इरानी मूलको कच्चा तेल र पेट्रोलियम पदार्थको ओसारपसार र बिक्रीलाई अनुमति दिएको छ। सम्बन्धित जहाजहरूको सुरक्षित स्थानान्त्रण चालक दलका सदस्यहरूको स्वास्थ्य वा सुरक्षाको संरक्षण, आपतकालीन मर्मत र वातावरणीय संरक्षणका साथै विभिन्न सेवाहरूका लागि पनि अनुमति दिइएको जनाइएको छ। अनुमतिमा लेनदेनहरूमा संयुक्त राज्य अमेरिकामा इरानी मूलको कच्चा तेल र पेट्रोलियम उत्पादनहरूको आयात समावेश रहेको छ।

अस्थायी तथा छोटो अवधिको कडाइका साथ पारवहनमा सीमित तेलमा मात्र अनुमति दिएको उल्लेख गर्दै नयाँ खरिद वा उत्पादनलाई अनुमति नदिने अमेरिकी स्रोतले जनाएको छ। वासिङ्टनले यसअघि नै अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीको सहयोगमा आपतकालीन तेल भण्डार अतिरिक्त रूसी र भेनेजुएलाको तेलमा प्रतिबन्धहरू कम गरिसकेको छ।

## कार्की आयोगको प्रतिवेदन माग्दै सडकमा पोखिँदै आक्रोश

काठमाडौं (अन्नपूर्ण): भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनको छानबिन गर्न बनेको पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै जेन-जी अगुवाहरू एक सातादेखि माइतीघरमा प्रदर्शनरत छन्। प्रदर्शनको क्रममा ऐक्यबद्धता जनाउन पुगेकी जेन-जी अभियन्ता रक्षा बमविरुद्ध आन्दोलनका घाइते अगुवाहरूले नाराबाजी गरे। बमले प्रतिवेदन लुकाइँदा आफूमाथि दुर्व्यवहार भएको भन्दै सार्वजनिक गर्न माग गरेकी छन्।

शनिबार पनि युवाहरूले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै विरोध प्रदर्शन गरे। जनरल जेड नेपाल, राष्ट्रिय जननेता अभियानलगायतका समूहमा आबद्ध युवाहरूले आयोगको प्रतिवेदन लुकाउन खोजिएको आशंका व्यक्त गर्दै सरकारविरुद्ध नाराबाजी गरे।

प्रदर्शनका क्रममा सहभागीहरूले ‘जेन-जी



आन्दोलन खोलामा, प्रतिवेदन बन्द झोलामा’ र ‘कार्की आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक गर’ लगायतका नारा लेखिएका प्लेकार्ड बोकेका थिए। उनीहरूले प्रतिवेदन सार्वजनिक नगरेर जेन-जी आन्दोलनका सहिद तथा घाइतेहरूमाथि अन्याय भइरहेको बताएका छन्।

युवाहरूलाई काठमाडौंमात्र होइन विराटनगर, इटहरीसहित देशका विभिन्न स्थानमा समेत कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गर्दै प्रदर्शन गरिरहेका छन्। ‘चुनाव भइसकेको र आन्दोलनको रापताप मत्थर भइसकेको यो समयमा पनि प्रतिवेदन लुकाउन खोज्नु वा लुकाउनेहरूको मतियार बन्नुले गम्भीर शंका नजन्माउने कुरै छैन,’ जेन-जी युवा अभियन्ता माजिद अन्सारी भन्छन्, ‘सुशासन र नयाँपनको नारा दिएर आएकाहरूले नै प्रतिवेदन माग्नेलाई शत्रु देख्नु भनेको लोकतान्त्रिक संस्कारको उपहास मात्र हो।’

» बाँकी पृष्ठ ३

## वर्षा गराउने प्रणाली बाहिरिँदै

**काठमाडौं** (अन्नपूर्ण): शुक्रबारदेखि सक्रिय भएको वर्षा गराउने प्रणाली कमजोर भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार मौसममा राम्रो सुधार भइसकेको छ।

प्रिमनसुनका गतिविधि भने कायम नै रहने र आइतबार पनि छिटफुट बदली भने रहने छ। अहिले नेपालको पूर्वक्षेत्रमा र अन्य क्षेत्रका कतैकतै हल्का वर्षा भइरहेको र यो पनि विस्तारै हट्ने छ।

अहिलेको वर्षा गराउने प्रणाली बाहिरिए पनि घाम लाग्ने, फेरि बदली हुने क्रम भने प्रिमनसुनमा रहिरहने तर ठूलो र अलि लामो वर्षा भने तत्काल नहुने विभागले जनाएको छ।

विभागको अभिलेखअनुसार हाल कोशी प्रदेश, बागमती प्रदेश र मधेस प्रदेशका केही ठाउँमा हल्का वर्षा भइरहेको छ। विभागको पछिल्लो २४ घण्टे विवरणमा पाल्पामा सबैभन्दा बढी ७५.८ मिलिमिटर वर्षा भएको छ।

रुपन्देहीमा ७५.२, मोरङमा ६३.८ र धनकुटामा ६३.२, कपिलवस्तुमा ५९.६ मिलिमिटर वर्षा भएको छ।

## मध्यपूर्वको द्वन्द्व: कतारको सन्तुलित कूटनीति

### सक्रिय सन्तुलनको शक्ति र नेपालको भान्सासम्मको असर

**मेघराज सापकोटा** | *दोहा*

मध्यपूर्वमा द्वन्द्वको ज्वाला उर्लिरहेको छ र त्यसको केन्द्रबिन्दुको घुम्तीमा कतार पनि परिरहेको छ- कहिले प्रत्यक्ष, कहिले अप्रत्यक्ष रूपमा। अमेरिका-इजरायलको प्रतिकार गर्दै इरानले हाल मध्यपूर्वका साउदी अरब, यूएई, कतार, बहराइन, कुवेत, जोर्डन र ओमानलगायतका मुलुकमा उच्च आधुनिक क्षमताका मिसाइल निरन्तर प्रहार गरिरहेको छ।

इजरायलद्वारा इरानको दक्षिणमा पर्ने साउथ पार्स ग्यास क्षेत्रमाथि गरिएको प्रहारले सुरु भएको नयाँ तनाव इरानको प्रत्याक्रमणले खाडीका संवेदनशील ऊर्जा पूर्वाधारसमेत निशानामा पर्न थालेको छ। मिसाइल आक्रमणले कतारको रस लफ्फानस्थित तरल प्राकृतिक ग्यास (एलएनजी) पूर्वाधारमा परेको क्षतिले कतारको ऊर्जा निर्यात क्षमतामा मात्र होइन, विश्व ऊर्जा बजारमै हलचल ल्याएको छ।

यसरी तातेको वातावरणबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पछिल्लो अभिव्यक्ति–इजरायलले साउथ पार्समा फेरि प्रहार नगर्ने आश्वासन र कतारमाथि इरानी आक्रमण दोहोरिए ‘अभूतपूर्व शक्ति’ प्रयोग गर्ने चेतावनीले खाडीको भू-राजनीतिक तनावलाई झनै डरलाग्दो बनाइदिएको छ।

इरानकै शीर्ष सैन्य तथा राजनीतिक संरचना लगातार आक्रमणको निशाना बन्दै गइरहँदा त्यहाँको सत्तासन्तुलन कमजोर बन्दै गएको अनुमान गरिन्छ। इरानले युद्धमा ठूलो नेताकै क्षति झेलिसकेको छ। अब गुमाउन बाँकी केही रहेन भन्ने मनोविज्ञानले अघि बढेमा यस क्षेत्रका आगामी दिनहरू झनै जोखिमपूर्ण हुन सक्छन्।

**कतारदेखि नेपालसम्म: भान्साको अर्थशास्त्र**

कतारमा करिब ४ लाख नेपाली श्रमिक कार्यरत छन् र उनीहरूले पठाउने रेमिट्यान्स नेपालका लागि आर्थिक मेरुदण्डकै रूपमा रहेको छ। यसैले मध्यपूर्वमा बढ्दो अस्थिरता केवल खाडीको राजनीतिक खबर होइन- नेपालको भान्सा, बजार र रोजगारीसँग सिधै जोडिएको चुनौती हो।

तनाव बढ्दै जाँदा रोजगारी अस्थिर हुन सक्छ, तलब कटौतीको जोखिम बढ्छ, उडान बन्द वा ढिलाइ हुन सक्छ र नेपाली कामदार स्वदेश फर्किनुपर्ने अवस्थासमेत आउन सक्छ। यस्तो परिदृश्यले रेमिट्यान्स प्रवाहमा बाधा पुऱ्याउँछ, जसको प्रभाव विदेशी मुद्रा सञ्चिति घट्ने, आयात महँगिने र समग्र अर्थतन्त्रमा दबाब बढाउन सक्छ।

कतारको ऊर्जा आपूर्तिमा अवरोध आयो भने यसको प्रभाव विश्व बजारमै तुरुन्त देखिन्छ–तेल र ग्यासको मूल्य बढ्छ। भारतले मूल्य समायोजन गरेपछि त्यसको प्रतिफल नेपालमा झनै चर्को रूपमा



**कतारको रास लाफान औद्योगिक क्षेत्रमा रहेको ‘कतार इनर्जी’ को तरल प्राकृतिक ग्यास (एलएनजी) उत्पादन केन्द्र।** ● रोयटर्स

महसुस हुन्छ। एलपी ग्यास, पेट्रोलियम, यातायात खर्च र खाद्यान्न ढुवानी सबै महँगिन्छन्।

अन्ततः कतारको स्थिरतामा आएको कुनै पनि हलचल नेपाली घरपरिवारको दैनिक जीवनमा प्रत्यक्ष रूपमा झल्किन्छ। चुलोमा बालिने ग्यासदेखि बजारमा किनिने खाद्यान्नसम्म कतारको तनावको तरंग नेपालका भान्सासम्म आइपुग्छ। यसले दर्शाउँदै कि आजको विश्वमा आर्थिक दूरीहरू भौगोलिक दूरीभन्दा धेरै नजिकिसकेका छन्।

**कतारको भूराजनीतिक प्रभाव: सानो भूभाग, ठूलो रणनीति**

विश्व नक्सामा सानो देखिने कतार मरुभूमिको सानो प्रायद्वीप हो- उत्तर, पूर्व र पश्चिम तीनैतिर समुद्रले घेरेको, दक्षिणमा केवल साउदी अरेबियासँग जोडिएको। भूभाग सानो, जनसंख्या करिब ३० लाख, तिनमा पनि आफ्ना नागरिक करिब ३ लाख मात्र छन्। तर, यी विवरणहरू कतारले विश्व राजनीतिमा खेलेको प्रभावका अगाडि गौण ठहरिन्छन्।

कतारको भू-परिस्थिति कठोर छ- तातो, सुक्खा, नदी-पहाडविहीन मरुभूमि। यही कठोरताले यसलाई ऊर्जा-आधारित अर्थतन्त्रतर्फ अघि बढायो। ‘नर्थ फिल्ड’ नामक विश्वकै सबैभन्दा ठूलो प्राकृतिक ग्यास भण्डारको खोजपछि कतारको आर्थिक इतिहासले नयाँ मोड लियो। मोती संकलनमा निर्भर सानो अर्थतन्त्र केही दशकभित्रै विश्वकै प्रमुख ग्यास निर्यातकर्तामा रूपान्तरण भयो। आज कतार ग्यास निर्यातका कारण विश्व ऊर्जा बजारको अनिवार्य केन्द्र बनेको छ।

**मोतीबाट ग्याससम्म: एक अद्भुत रूपान्तरण**

कतारको समकालीन कथा दुई स्पष्ट अध्यायमा विभाजित हुन्छ- पहिलो, मोती संकलनमा आधारित पुरानो अर्थतन्त्र, दोस्रो, ग्यास-समृद्ध भविष्यको यात्रा। एक समय खाडीको किनारमा बसेका गोताखोरहरूको श्रमले सीमित आय ल्याउने कतार २०औं शताब्दीको मध्यतिर प्राकृतिक ग्यासको विशाल भण्डार पत्ता लागेसँगै एकाएक विश्व ऊर्जामार्गको केन्द्र बन्न पुग्यो।

» बाँकी पृष्ठ ६

## ‘इरानमाथि दबाब क्रमिक रूपमा घटाइने’

**वासिङ्टन** (एजेन्सी): डोनाल्ड ट्रम्पले शुक्रबार संयुक्त राज्य अमेरिका इरानमाथि जारी सैन्य आक्रमण क्रमशः घटाउने विकल्पमा विचार गरिरहेको बताएका छन्। ट्रम्पले सामाजिक सञ्जालमा भने, ‘हामी हाम्रो उद्देश्य पूरा गर्न निकैनजिक पुगेका छौं र मध्यपूर्वमा जारी हाम्रो महान सैन्य प्रयासलाई क्रमशः घटाउने विचार गरिरहेका छौं।’

ट्रम्पले प्रस्तुत गरेको उद्देश्यहरूमा इरानको मिसाइल क्षमतामा क्षति पुऱ्याउने, रक्षा उद्योग ध्वस्त पार्ने, नौसेना र वायुसेना नष्ट गर्ने, परमाणु क्षमता प्राप्त गर्नबाट रोक्ने र क्षेत्रका अमेरिकी सहयोगीहरूलाई सुरक्षा प्रदान गर्ने समावेश छ। तर ट्रम्पले शान्ति सम्झौता चाहँदैनन् भने पनि संवादको विकल्प खुला राखेका छन्। उनले पत्रकारहरूसँग भने, ‘तपाईं शान्ति सम्झौतामा जान सक्नुहुन्छ, तर म शान्ति सम्झौता गर्न चाहन्न। जब तपाईं अर्कोपक्षलाई पूर्ण रूपमा नष्ट गर्दै हुनुहुन्छ, तब यो सम्भव हुँदैन।’

ट्रम्पले इरानको नौसेना र वायुसेना ध्वस्त भइसकेको र उहाँका नेता सबै स्तरमा मारिएका बताए। हर्मुज जलमार्ग सम्बन्धमा ट्रम्पले यसलाई प्रयोग गर्ने देशहरूले सुरक्षा सुनिश्चित गर्नुपर्ने बताए र अमेरिका आवश्यक परे सहयोग गर्नेछ।